*आत्मनिर्णयको अधिकार र मगराँत स्वायत्त प्रदेशको स्थापना गर्न संघर्ष गरौं ।*
*मगर राष्ट्रिय मुक्ति मोर्चाको दोस्रो राष्ट्रिय सम्मेलन भव्य रुपमा सफल पारौं ॥*

# मगर राष्ट्रिय मुक्ति मोर्चा, नेपाल दोस्रो राष्ट्रिय सम्मेलनको

# अपील

**आदरणीय दाजुभाइ तथा दिदी बहिनीहरू,**

देश विदेशमा छरिएर रहेका करिब २५-३० लाख मगरहरूलाई संगठित र सचेत बनाउने अभियानमा मगर राष्ट्रिय मुक्ति मोर्चा, नेपालले आफ्नो कठिनतम् १२ बर्षको यात्रा पूरा गर्दैछ । यस बिचमा अत्यन्त कठिन संघर्षका झेलहरू पार गर्दै हामी आज गणतन्त्र नेपालमा उभिएकाछौं । ठीक यतिबेला नेपालबाट करिब १८०० वर्ष देखिको सामन्ती राजतन्त्र र अढाईसय वर्ष देखिको एकात्मक र केन्द्रीकृत, सामन्ती राज्य प्रणालीको अन्त्य भएको छ तर जनताको संघीय गणतन्त्र स्थापना गर्न बाँकी छ । निरंकुशतन्त्रको संरचनाको अन्त भएको छ तर निरंकुशतावाद र निरंकुश प्रणालीको अन्त्य भएको छैन् । जनताको नयाँ संविधान लेख्ने एउटा ऐतिहासिक प्रक्रियामा त छौं तर लेखिसकेका छैनौं ।

नयाँ संविधान लेखिन्छ कि लेखिँदैन् ? लेखियो भने त्यो कस्तो संविधान लेखिएला ? यहाँका उत्पीडित जाति, जनजाति, वर्ग, लिङ्ग, क्षेत्रहरूका संविधान बन्छ कि बन्दैन ? यी व्यापक चासो र जिज्ञासाहरू कै बिचमा आज राष्ट्रिय राजनितिमा ठूलो बहस भईरहेको छ । संविधान निर्माण लगायत नेपालकै राष्ट्रिय राजनीति तथा आन्तरिक मामिलाहरूमा वैदेशिक हस्तक्षेप तीब्र बनेको र पुरातन चिन्तन र यथास्थितिवादबाट अग्रगमनको बाटोमा ठूलो अवरोध खडा गरी राष्ट्रिय राजनीतिमैं एक प्रकारले गत्यावरोध पैदा भईरहेको नितान्त पेचिलो र संवेदनशील घडीमा हाम्रो मोर्चाले दोस्रो राष्ट्रिय सम्मेलन गर्न गईरहेको छ , यो संभावना युक्त र चुनौतिपूर्ण स्थितिको सामना गर्न फेरि पनि देश विदेशका सचेत र प्रबुद्ध मगरहरू जुट्नु पर्ने आवश्यकतालाई मध्यनजर गर्दै आत्मनिर्णयको अधिकार र मगराँत स्वायत्त प्रदेशको सुनिश्चितताको निम्ति यो दोस्रो राष्ट्रिय सम्मेलन हुन गईरहेको शुभ खबर सुनाउन पाउँदा हामीलाई असीम गर्व महसुस भईरहेको छ ।

**आदरणीय मगर दाजुभाइ तथा दिदी बहिनीहरू,**

हामीले कुनै विशुद्ध जातीय राजनीति गर्न र मुलुकलाई अराजकता तर्फ लैजान यो मोर्चा गठन गरेको पटक्कै होईन । बरु हामीले हाम्रा पुर्खाहरूले गुमाएका आफ्ना मौलिक र नैसर्गिक अधिकारहरू तथा पुर्ख्यौली थलोहरूमा हाम्रो समान अधिकार स्थापना गर्न र ससम्मान अरू सरह बाँच्न पाउनु पर्छ, साथै यो धर्तिमा एउटा मानव जातिले अर्को मानव जातिमाथि गर्दै आएको विभेद, शोषण-दमन र सबै प्रकारका उत्पीडनको अन्त्य हुनुपर्छ भन्दै सबै क्षेत्रमा छरिएर बसेका मगरहरूलाई गोलबन्द गरी सचेत र संगठित गर्ने महाअभियानमा जुटेका मात्र हौं । तपाईं हामीलाई थाहा छ - हामी यो देशका आदिवासी नागरिक भएर पनि दोस्रो, तेस्रो दर्जाको नागरिक भएर बाँच्न विवश छौं । हाम्रा पुर्ख्यौली भूमिहरू माथि अरूको रजाईं छ । राज्यसत्ताका सबै अंगहरूमा अरूकै हालीमुहाली छ । हामीलाई सम्पूर्ण अधिकारबाट वञ्चित गरी हजारौं वर्षदेखि एउटा रैतिको व्यवहार गरिँदै आएको छ । हाम्रा भाषा, संस्कृति लोप हुने अवस्थामा पुगीसक्यो र पनि राज्यले यसको संरक्षण र विकासको निम्ति कुनै पहल गरेको छैन । यो देश हाम्रो पनि हो तर यो हाम्रो देशमा अरुले नै शासन चलाईरहेका छन् । हामी केवल उनीहरूको नोकर, दास, पाले, सुरक्षागार्ड बनेकाछौं । हामीलाई यो वा त्यो रुपमा विभाजन गरेर मगरले मगरलाई नै मार्ने, मार्न लगाउने शासक वर्गको षडयन्त्र प्रति सचेत बन्दै आफ्नो सन्दर्भमा नेपालमा विद्यमान समस्याहरूको हल गर्न पहिलो र महत्वपूर्ण कुराका रूपमा यहाँका आदिवासी जनजातिहरूलाई अन्यको दाँजोमा समान उचाईमा उठाउन आत्मनिर्णयको अधिकार सुनिश्चित गर्नु पर्छ । जातीयता(आन्तरिक राष्ट्रियता)को आधारमा नेपाललाई संघीय पुनर्संरचनामा बदलेर स्वायत्त प्रदेशहरूको घोषणा गर्दै उनीहरूलाई स्वायत्तताको अधिकार दिईनु पर्दछ भन्ने हाम्रो

माग रहँदै आएकोछ । तर विडम्बनाको कुरा यहाँ जातीयता (nationality)को आधारमा कुरा उठाउँदा यसलाई हिन्दु वर्णाश्रम धर्म अनुसारको जात प्रथा(caste system)को आधारमा बुझ्ने र व्याख्या गर्ने काम भईरहेको छ । यस्तो व्याख्याको अन्जानमा भन्दा पनि सुनियोजित रुपले जनजातिहरुको अधिकार स्थापित हुन नदिने कुनियतका साथ प्रचार भई रहेको छ । हामी यसप्रति सबैलाई सचेत र सजक बनाउन चाहन्छौं ।

यसै सन्दर्भमा मगर जातिहरू यहाँको एउटा सबैभन्दा पुरानो आदिवासी जाति भएकोले आत्मनिर्णयको अधिकारलाई सैद्धान्तिक रुपमा स्वीकार गर्दै मगराँत स्वायत्त प्रदेश र अन्य स्वायत्त प्रदेशमा बस्ने मगरहरलाई तत् तत् ठाउँमा स्थानीय वा क्षेत्रीय स्वायत्तताको अधिकार सुनिश्चित गरिनु पर्छ भन्ने मोर्चाको स्थापना कालदेखिको प्राथमिक माग रहिआएको छ । यसले मुलुक बिखण्डन होईन अझ यहाँका आदिवासी जनजातिहरूको अधिकार सुनिश्चित गर्दै व्यापक लोकतन्त्रको प्रत्याभूत गराउनेछ र मुलुकमा बस्ने सबै जातिहरू बीचको एकतालाई सुदृढ गर्नेछ । राष्ट्रियता झन मजबुत हुनेछ र देशलाई विकासको अर्को चरणमा पुर्‍याउन सकिनेछ, साथै वैदेशिक हस्तक्षेपलाई पनि एक हद सम्म न्युन गराई स्वाधिनताको पाटो मजबुत हुनेछ भन्ने हाम्रो दृढ विश्वास छ । यसैको सुनिश्चितताको लागि हामी निरन्तर संघर्षरत छौं र यसलाई अन्तिम निष्कर्षमा पुर्‍याउन जनताको संघीय गणतन्त्र स्थापना गर्न हामीले यो दोस्रो राष्ट्रिय सम्मेलन गर्न गईरहेकाछौं ।

**जन समुदायहरू,**

निश्चय नै यो मुलुक सबैको हो । यो देशमा सबै जात, जातिहरूले फुल्न-फल्न पाउनु पर्छ । सबै स्वाधिन, सम्मानित र आत्मनिर्भर भएर बाँच्न पाउनु पर्छ । कसैले कसैको अपमान गरेका हामीले सहन सक्तैनौं । हाम्रो समाज यस्तै जात-जाति, ठूलो-सानो, महिला-पुरुष, पहाडी-मधेसी, शिक्षित-अशिक्षित, गाउँले-शहरिया, उच-निच आदिमा विभाजित छ । यो असमानताले नै समाजमा द्वन्द्व, झगडा, युद्ध, मारकाट निम्त्याउँछ । त्यसको हल केवल यी असमानताहरूको अन्त्य बाहेक अर्को विकल्प हुनैसक्दैन । हामीले जातीय मुक्ति मोर्चा बनाएको पनि यहि जाति-पाती प्रथा र असमानताको अन्त्यको लागि हो ।

यसको लागि हामीले सबैसँग समानताको हात अघि बढाएकाछौं र त्यसैको लागि आगामी फगुन १५ गते मगर दिवस र शहिद सप्ताहको अवसर पारेर स्याङ्जाको वालिङ्मा मोर्चाको दोस्रो राष्ट्रिय सम्मेलनको उदघाटन-सभा र फागुन १८ गते तनहुँको दमौलीमा घोषणा-सभा भव्यरुपमा सम्पन्न हुन गईरहेको छ । यस अवसरमा १५ गते हुने स्याङ्जाको उद्घाटन समारोहमा नेपाली क्रान्तिका नायक तथा गणतन्त्र नेपालका प्रथम प्रधानमन्त्री तथा एकिकृत ने.क.पा.(माओवादी)का अध्यक्ष क.प्रचण्डले सम्बोधन गर्दै हुनुहुन्छ र १८ गतेको दमौलीको घोषणा सभामा निवर्तमान रक्षामन्त्री, स्थापित मगर नेता तथा एकिकृत ने.क.पा.(माओवादी)का महासचिव र मोर्चाका सल्लाहकार परिषदका संयोजक क.राम बहादुर थापा मगर(बादल)ले सम्बोधन गर्दै हुनुहुन्छ । यस समारोहमा गौरवमय उपस्थितिका साथै मोर्चाको दोस्रो राष्ट्रिय सम्मेलनलाई भव्य रुपमा सम्पन्न गर्नकालागि सबै मगर तथा गैर मगर दाजु-भाई, दिदी-बहिनीहरूमा आर्थिक, भौतिक, नैतिक सहयोगको लागि मोर्चा हार्दिक अपिल गर्दछ ।

**धन्यवाद ।**

मिति : २०६६/१०/२२

**मगर राष्ट्रिय मुक्ति मोर्चा, नेपाल**

**दोस्रो राष्ट्रिय सम्मेलन आयोजक समिति**